# भूकम्प पीडितहरूको घर निर्माणका लागि
# सामुहिक जमानीमा निर्ब्याजी ऋण उपलब्ध गराउने
# कार्यविधि, २०७४

भूकम्प पीडितहरूको घर निर्माणका लागि सामुहिक जमानीमा निर्ब्याजी ऋण उपलब्ध गराउने कार्यविधि, २०७४

नेपाल सरकारले जारी गरेको आ.व. २०७३/७४ को वजेट वक्तव्यको बुंदा नं २५ मा *"भूकम्प पीडितहरूको घर निर्माणका लागि थप रु. तीन लाख सामुहिक जमानीमा निर्ब्याजी ऋण उपलब्ध गराउने"* व्यवस्था उल्लेख गरिएकोले उक्त व्यवस्थालाई कार्यान्वयन गर्नका लागि यो कार्यविधि बनाई लागु गरिएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "भूकम्प पीडितहरूको घर निर्माणका लागि सामुहिक जमानीमा निर्ब्याजी ऋण उपलब्ध गराउने कार्यविधि, २०७४" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त लागु हुने छ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिको प्रयोजनको लागि,

(क) "भूकम्प पीडित" भन्नाले नेपाल सरकारको सम्वन्धित निकायबाट भूकम्प पीडितको परिचयपत्र प्राप्त गरेको घर परिवारलाई सम्झनुपर्छ र सो शव्दले भूकम्पबाट प्रभावित भनि नेपाल सरकारको सम्वन्धित निकायबाट आधिकारिक रूपमा प्रमाणित भएका सरकारी कार्यालय, सामुदायिक अस्पताल, सामुदायिक विद्यालय, धार्मिक, साँस्कृतिक एवं पुरातात्विक संरचना (गुम्बा, मठमन्दिर) लगायतका सार्वजनिक भौतिक संरचना समेतलाई जनाउँछ।

(ख) "इजाजतपत्र प्राप्त 'क, ख, ग र घ' वर्गका बैंक तथा वित्तीय संस्था" भन्नाले नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त 'क, ख, ग र घ' वर्गका बैंक तथा वित्तीय संस्थालाई सम्झनुपर्छ।

(घ) "विपन्न वर्ग" भन्नाले न्यून आय भएका र खासगरी सामाजिक रूपमा तथा साना किसान, कालिगढ, मजदुर र भूमिहीन परिवारलाई सम्झनुपर्छ।

(ङ) "समन्वय तथा अनुगमन समिति" भन्नाले दफा ५ अनुसार गठित समितिलाई सम्झनुपर्छ।

३. **सर्त तथा व्यवस्थाहरूः** (१) इजाजतपत्रप्राप्त "क, ख, ग र घ" वर्गका बैंक तथा वित्तीय संस्थाहरूले भूकम्प पीडितहरूको घर निर्माणका लागि थप रू. तीन लाख

सामुहिक जमानीमा निर्ब्याजी ऋण उपलब्ध गराउने व्यवस्थाका लागि देहायका सर्त तथा व्यवस्थाहरूको पालना हुने गरी भूकम्पपीडितहरूलाई सामूहिक जमानीमा कर्जा प्रवाह गर्नुपर्नेछ :

(क) भूकम्पपीडितहरूलाई सामुहिक जमानीमा निर्ब्याजी रूपमा प्रवाह गरिने कर्जाको अधिकतम सीमा रु तीनलाख हुनेछ ।

(ख) यस्तो कर्जा ऋणी तथा निजको परिवारमा बस्न योग्य आवासीय घर नभएको एवं नेपाल सरकारले जारी गरेको भूकम्पपीडित परिचयपत्र भएको अवस्थामा मात्र उपलब्ध गराइने छ ।

(ग) बैंक वा वित्तीय संस्थाले उपर्युक्त बमोजिमको कर्जामा ऋणीसँग कुनै पनि प्रकारको ब्याज वा शुल्क लिन पाउने छैनन् ।

(घ) सामुहिक जमानीमा निर्ब्याजी रूपमा प्रवाह गरिने कर्जाको अनिवार्य रूपले कर्जा सुरक्षण निगम बाट सुरक्षण गरिएको हुनु पर्नेछ ।

(ङ) निर्ब्याजी रूपमा प्रदान गरिने कर्जाको भुक्तानी अवधि कम्तिमा ३ वर्ष र बढीमा ५ वर्षको हुनेछ ।

(छ) यस व्यवस्था अन्तर्गत प्रवाहित कर्जा विपन्न वर्गमा गणना गर्न सकिनेछ ।

(ज) बैंक वा वित्तीय संस्थाले सरल, सहज र छरितो ढंगले यस्तो कर्जा प्रवाह गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(झ) सामूहिक जमानीमा निर्ब्याजी ऋण उपलब्ध गराउने सम्वन्धमा जानकारी एवं गुनासो सुन्नका लागि सम्बन्धित बैंक वा वित्तीय संस्थाले छुट्टै सम्पर्क अधिकृत तोक्नुपर्नेछ ।

(ञ) यस्तो कर्जाको वर्गीकरण, नोक्सानी व्यवस्था, निरीक्षण तथा सुपरिवेक्षणसम्बन्धी व्यवस्था नेपाल राष्ट्र बैंकले जारी गरेको निर्देशनबमोजिम हुनेछ ।

४. रकम जम्मा गर्ने: (१) यस प्रयोजनका लागि देहाय अनुसार रकम जम्मा गरिने छ :

(क) ऋणीलाई निर्ब्याजी रूपमा प्रदान गरिने कर्जाको व्याज, बीमा एवं सुरक्षण शुल्क भुक्तानी गर्नका लागि नेपाल सरकारले एक कोष खडा गरी नेपाल राष्ट्र बैंक, बैंकिंग कार्यालय थापाथलीमा रकम जम्मा गर्नेछ ।

(ख) बैंक वा वित्तीय संस्थाको सञ्चालन लागत (Operating Cost) मा दुई प्रतिशत विन्दु थप गरी ब्याजदर कायम गरिनेछ । यस्तो ब्याज रकम, वीमा वा सुरक्षण शुल्क बैंक वा वित्तीय संस्थाबाट माग भई आएमा नेपाल राष्ट्र बैंक, बैंकिंग कार्यालयले त्रैमासिक रूपमा उक्त कोष खर्च गरी सम्वन्धित बैंक वा वित्तीय संस्थालाई उपलब्ध गराउनेछ ।

५. **समन्वय तथा अनुगमन:** (१) सामुहिक जमानीमा निर्ब्याजी ऋण उपलब्ध गराउने कार्यको समन्वय तथा अनुगमन गर्न देहायबमोजिमको एउटा समन्वय तथा अनुगमन समिति गठन हुनेछ :

(क) डेपुटी गभर्नर (बैंक तथा वित्तीय संस्था नियमन विभाग हेर्ने), नेपाल राष्ट्र बैंक - संयोजक

(ख) सह-सचिव, अर्थ मन्त्रालय - सदस्य

(ग) सह-सचिव, राष्ट्रिय पुननिर्माण प्राधिकरण - सदस्य

(घ) अध्यक्ष, नेपाल बैंकर्श एशोसियशन - सदस्य

(ङ) कार्यकारी निर्देशक, नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग - सदस्य सचिव

(२) उपर्युक्त बमोजिम गठित समितिले सामुहिक जमानीमा निर्ब्याजी ऋण उपलब्ध गराउने सम्बन्धी व्यवस्थाको प्रभावकारी रूपमा कार्यान्वयनका लागि आवश्यक समन्वय तथा अनुगमन गर्ने कार्य गर्नेछ ।

६. **गुनासो सम्बन्धी व्यवस्था:** (१) यस कार्यविधिको कार्यान्वयनका क्रममा बैंक वा वित्तीय संस्थाले कर्जा प्रवाह नगरेको, भूकम्पपीडितले सेवा सुविधा नपाएको, ऋणको सदुपयोग नभएको लगायतका गुनासो सुन्ने तथा सोका आधारमा आवश्यक काम कारवाही अगाडि बढाउने कार्य समेत दफा ५ बमोजिमको समन्वय तथा अनुगमन समितिले गर्नेछ ।

७. **बाधा अड्काउ फुकाउने अधिकार:** (१) यस कार्यविधिको कार्यान्वयनमा कुनै वाधा उत्पन्न भएमा समन्वय तथा अनुगमन समितिले त्यस्तो वाधा अड्काउ फुकाउन सक्नेछ ।

८. **संशोधन तथा हेरफेर:** (१) नेपाल सरकारले यस कार्यविधिमा आवश्यकताअनुसार संशोधन एवं हेरफेर गर्न सक्नेछ ।